# नेपालको न्यायालयको पूनर्संरचना

## वर्तमान अदालती प्रणालीमा संघीय अवधारणसँगै मिल्ने गरी केही परिवर्तन गर्नु मात्र पर्याप्त छ ।



**विपिन अधिकारी**




REUTERS/GOPAL CHITRAKAR

काठमाडौंमा सर्वोच्च अदालतअघि धर्ना दिँदै वकिलहरु । उक्त धर्ना कार्यक्रम अदालतको स्वतन्त्रता र सम्मानको रक्षाका लागि नेपाल बार एसोसिएसनले आयोजना गरेको थियो । वकिलहरूले लोकतन्त्रको रक्षा र प्रवर्धनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

नेपालको नयाँ राज्यसंरचनामा न्यायिक संयन्त्रलाई कसरी भित्र-भित्रका गाउँघरहरूसम्म पुऱ्याउन सकिन्छ भन्ने निर्णय संविधानसभाले छिनोफानो गर्नुपर्ने प्रमुख विषय हो ।

२०६४ चैत्र २८ मा भएको संविधानसभा निर्वाचनले ६०१ जनाको संविधानसभाको गठन गरेको छ । जसको प्रमुख कार्य अन्तरिम संविधानको अधिकार क्षेत्रभित्र रही दुई वर्षभित्र नयाँ संविधान लेख्नु हो ।

नेपालको आधुनिक स्वतन्त्र न्यायालयको इतिहास सन् १९५० पछि सुरु हुन्छ । निरङ्कुश र वंशानुगत रूपमा प्रधानमन्त्री हुने प्रणालीलाई १९५०-५१ को क्रान्तिले अन्त्य गऱ्यो । त्यसबेलासम्म प्रधानमन्त्री एउटै परिवारभित्रबाट एकपछि अर्को गरी बन्ने चलन थियो । यसलाई अन्तरिम संविधानले अन्त्य गरी आधुनिक संवैधानिक प्रजातन्त्रको सुरूआत गऱ्यो । विगत ५८ वर्षमा नेपालको एकात्मक राज्यमा विभिन्न स्वरूपको न्यायप्रणाली विद्यमान छ । त्यसैकारण अहिलेको प्रमुख विषय नेपालको न्यायपालिकाको पुनर्संरचना रहेको छ । यसको मुख्य उद्देश्य विशेष गरी जनताको भावनाअनुसार एकाइका संरचनाहरूमा न्यायिक अधिकारहरूलाई निक्षेपण गर्नु हो ।

### अहिले न्यायालयले कसरी काम गर्छ ?

वर्तमानमा नेपालको न्यायपालिकाले संसदीय प्रजातन्त्रको स्वरूपभित्र रहेर काम गरिरहेको छ । संविधान, कानुन र न्यायको सिद्धान्तबमोजिम न्यायसम्बन्धी सबै अधिकारहरु अदालत र न्यायिक संस्थाहरूले प्रयोग गरेका छन् । न्यायिक कार्यविधि प्रतिद्वन्द्वात्मक, विशेष गरी कमन ल सिद्धान्तहरूमा आधारित छन् र न्यायिक निर्णय प्रक्रियामा कानुन व्यवसायीहरूको प्रमुख भूमिका रहेको छ ।

नेपालमा एउटा मुलुकी ऐन छ, जसले परम्परागत रूपमा महत्त्व राख्ने देवानी कानुन, दण्ड सजायसम्बन्धी कानुन र अदालती कार्यविधिलाई उल्लेख गर्दछ । आधुनिक देवानी र फौजदारी कानुनका कतिपय विषयहरूलाई मुलुकी ऐनले समेट्न सकेको छैन । समेट्न नसकेका यस्ता विषयहरूमा सन् १९६२ पछि संसद्ले विभिन्न मितिमा विभिन्न कानुन बनाई समेटेको पाइन्छ ।

नेपालको न्यायपालिकामा सबैभन्दा उच्च तह सर्वोच्च अदालत हो । यसले सम्पूर्ण न्यायिक संयन्त्रको नेतृत्व गर्दछ । सुरू तथा पुनरावेदनसम्बन्धी अधिकारमात्र होइन; संविधानले सर्वोच्च अदालतलाई असाधारण अधिकार पनि प्रदान गरेको छ । यसका अतिरिक्त कुनै पनि कानुनको संवैधानिकता जाँच्ने अधिकार पनि सर्वोच्च अदालतसँग छ । सर्वोच्च अदालतले संविधानसँग बाझिने सबै कानुन वा व्यवस्थालाई अवैध घोषणा गर्न सक्छ । सर्वोच्च अदालतले सीमान्तकृत समूहको संवैधानिक अधिकार रक्षाका लागि सार्वजनिक सरोकारको मुद्दामार्फत् पनि न्याय दिन सक्छ ।

संविधानको अभिभावक भएका कारणले सर्वोच्च अदालतसँगै सबै किसिमका न्यायिक अधिकार रहेका छन् । देशभरि भएका सबै पुनरावेदन अदालत (जम्मा १६ ओटा छन्) र जिल्ला अदालतहरु (प्रत्येक जिल्लामा कम्तीमा एक जिल्ला अदालत) सर्वोच्च अदालतमातहतका अदालत हुन् र तिनीहरूलाई सर्वोच्च अदालतले नियन्त्रण गर्दछ ।

**विपिन अधिकारी** नेपालका संवैधानिक कानुनका विज्ञ हुनुहुन्छ ।

संविधानबमोजिम न्यायप्रशासन ऐन १९९१ ले सर्वोच्च अदालतलाई सबै तल्लो तहका अदालतको सुपरिवेक्षण गर्ने र आवश्यक बाध्यात्मक निर्देशन दिने अधिकार प्रदान गरेको छ । सर्वोच्च अदालत अभिलेख अदालत पनि भएकाले यसका फैसलाहरूको सबैले पालना गर्नुपर्ने व्यवस्था हुनुका साथै यसका निर्णयहरूमा कसैले प्रश्न उठाउन पाउँदैन । सर्वोच्च अदालतले गरेका फैसलाहरूलाई नजिरका रूपमा सबैले मान्नुपर्छ । अदालतको अवहेलनामा जसलाई पनि कारबाही गर्ने अधिकार सर्वोच्च अदालतसँग सुरक्षित छ ।

**निक्षेपण पद्धतितर्फ जाँदै**

नेपालमा तीन तहको एकात्मक अदालतबाहेक संसद्ले बनाएका कानुनद्वारा निर्माण भएका धेरै विशेष अदालत र ट्राइब्युनलहरु पनि छन् । तिनले विशेष प्रकृतिका मुद्दा, निवेदन वा दाबीहरु मात्र हेर्छन् ।

यस्ता विशेष अदालतहरूमा एउटा प्रशासनिक अदालत, दुईओटा सार्वजनिक ऋण असुली न्यायाधीकरण, ४ ओटा राजस्व न्यायाधीकरण, एउटा नगर विकास समिति अदालत, एक सैनिक अदालत, एउटा श्रम अदालत र संविधानसभा अदालत रहेका छन् ।

संविधानसभा अदालतले विषेश गरी संविधानसभा निर्वाचनसम्बन्धी मात्र मुद्दा हेर्छ र यस अदालतले राम्रोसँग काम गरेको पनि छ ।

संविधानसभा अदालतबाहेक विशेष अदालत र ट्राइब्युनलहरूको गठन, काम कारबाही सबै ससद्बाट बनेको कानुनबमोजिम हुन्छ । यी कानुनले ती अदालत तथा ट्राइब्युनलको सङ्ख्या, आकार र स्थानका अतिरिक्त तिनीहरूको क्षेत्रीय र विषयगत अधिकार क्षेत्रलाई परिभाषित गरिदिएका छन् । विशेष अदालत तथा ट्राइब्युनलले गरेका फैसलाहरूमाथि सामान्यतः संवैधानिक तथा अन्य कानुनी प्रश्न वा मौलिक अधिकारसँग सम्बन्धित विवाद भएमा कानुनबमोजिम पुनरावेदन अदालत तथा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने हुन्छ ।

दक्षिण एसियामै नेपालको अदालती संरचना अति सरल छ । यो संरचनाको प्रमुख खाका संविधानले कोरेको छ भने अन्य विस्तृत व्यवस्था कानुनले गरेको छ ।

एकीकृत र एकात्मक न्यायपालिकाले समग्रमा प्रशासन चलाउन र आवश्यक नियन्त्रण गर्न सहजता प्रदान गर्छ । सबै न्यायाधीशहरूको नियुक्ति न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशबाट हुन्छ । प्रधान न्यायाधीशको नियुक्ति र सुपरिवेक्षण उच्च स्तरीय संवैधानिक परिषद्ले गर्दछ । स्वच्छ तथा दक्ष कानुन व्यवसायी, कानुनी रूपमा सक्षम अदालती कर्मचारी र न्यायपालिकाको एकअर्कासँग अन्योन्याश्रित सम्बन्ध हुन्छ । यसो भन्नुको मतलब अहिलेको तीन तहको संरचना र अदालतको काम गर्ने तरिकालाई सुधार गर्नुपर्दैन भन्ने होइन । तर सुधार वा परिर्वतनका नाममा अन्धाधुन्ध रूपमा नयाँ निर्माण गर्न भने आवश्यक छैन ।

नयाँ बन्ने एकाइमा न्यायिक अधिकार निक्षेपण गर्दा धेरै विषयहरूलाई ध्यान दिनुपर्ने हुन्छ । महत्त्वपूर्ण कुरा त के भने सर्वप्रथम एकाइको आन्तरिक स्वायत्तता र कानुन निर्माणका अधिकारहरूलगायत राजनीतिक विषयहरूको निर्क्यौल हुनुपर्‍यो । एकाइहरूको सङ्ख्या र तिनको भौगोलिक सीमा निर्धारण पनि हालको प्रमुख काम हो । यसका आधारमा न्यायिक अधिकारको निक्षेपणको कुराको टुङ्गो लगाउनुपर्ने हुन्छ ।

नयाँ बन्ने एकाइमा न्यायिक अधिकार निक्षेपण गर्दा धेरै विषयहरूलाई ध्यान दिनुपर्ने हुन्छ । महत्त्वपूर्ण कुरा त के भने सर्वप्रथम एकाइको आन्तरिक स्वायत्तता र कानुन निर्माणका अधिकारहरूलगायत राजनीतिक विषयहरूको निर्क्यौल हुनुपर्‍यो । एकाइहरूको सङ्ख्या र तिनको भौगोलिक सीमा निर्धारण पनि हालको प्रमुख काम हो । यसका आधारमा न्यायिक अधिकारको निक्षेपणको कुराको टुङ्गो लगाउनुपर्ने हुन्छ ।

**परिर्वतनका विकल्पहरू**

नेपालको न्यायिक संरचनामा सुधार ल्याउनका लागि केही व्यावहारिक विकल्पहरु नभएका होइनन् । अहिले भइरहेको तीन तहको सट्टा चार तहको न्यायपालिकालाई एउटा विकल्पका रूपमा लिन सकिन्छ । यसमा वर्तमानमा झैँ सर्वोच्च निकायका रूपमा सर्वोच्च अदालतलाई कायमै राख्न सकिन्छ । अधिकार निक्षेपीकरण गरिने प्रत्येक एकाइमा राष्ट्रिय कानुनअन्तर्गत काम गर्ने पुनरावेदन अदालत पनि त्यत्तिकै जरुरी हुन्छ । यस्तो पुनरावेदन अदालतले तल्ला अदालत तथा ट्राइब्युनलबाट अपिल सुन्ने काम गर्दछ । निसन्देह, नयाँ परिस्थितिमा सर्वोच्च अदालतलाई संवैधानिक अदालतका रूपमा नै हेरिनुपर्छ ।

राष्ट्रिय सर्वोच्च अदालतले नेपाली नागरिकको मौलिक अधिकार संरक्षण गर्ने अभिभावकीय जिम्मेवारी निर्वाह गर्ने कार्यबाहेक एकाइ–एकाइबीच र केन्द्र र एकाइबीचको संवैधानिक विवाद पनि हल गर्नुपर्ने हुन्छ । हालको पुनरावेदन अदालतलाई प्रतिस्थापन गर्दै हरेक एकाइमा उक्त एकाइको सबैभन्दा ठूलो अदालतका रूपमा *राष्ट्रिय पुनरावेदन अदालत* स्थापना गर्न सकिन्छ । यसले केही संवैधानिक अधिकार क्षेत्रसहित राष्ट्रिय सर्वोच्च अदालतको स्थानीय प्रतिनिधिका रूपमा काम गर्नुपर्ने हुन्छ ।

त्यस्तै राष्ट्रिय सरकारलाई सबैभन्दामाथि राखी हालका ७५ प्रशासकीय जिल्लाहरूलाई आठदेखि दस एकाइहरूमा व्यावहारिक रूपमा विभाजन गर्न सकियो भने सबै एकाइहरूका लागि स्थानीय तहबाट निर्माण र सञ्चालन हुनेगरी एकएक एकाइमा एकाइ अदालतहरूको आवश्यकता पर्नेछ । यसैगरी, हरेक एकाइभित्रका जिल्लाहरूका लागि स्थानीय स्तरबाट नियुक्ति र कार्यसञ्चालन हुनेगरी अदालको स्थापना गर्न सकिन्छ ।



SUNDAR BASNET

काठमाडौँमा रहेको नेपालको सर्वोच्च अदालत । वि. सं. २००७ सालमा जारी गरिएको अन्तरिम संविधानले नेपालमा तीन तहको अदालतको व्यवस्था गरेको छ जसमा जिल्ला अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालत पर्छन् ।

अर्को शब्दमा भन्ने हो भने अहिलेका सबै जिल्ला अदालतहरु एकाइका कानुन र व्यवस्थाअन्तर्गत रहने गरी आगामी दिनका लागि पनि कायम राख्न सकिन्छ । प्रत्येक एकाइका अदालत आफूअन्तर्गत रहेका सबै जिल्ला अदालतको पुनरावेदन अदालतका रूपमा प्रयोग मात्र हुँदैन कि राष्ट्रिय अधिकार क्षेत्रअन्तर्गत रहेका कानुन र संस्थाअन्तर्गतका सुरु मुद्दा हेर्ने कामको भूमिका पनि निर्वाह गर्न सक्छ । एकाइका अदालतले स्थानीय स्तरमै न्यायकर्मीहरु भर्ना गरी काम गरे तापनि एकाइमात्र नभई यसले केन्द्रको स्थानीय स्तरमा सुरू अदालतको भूमिका पनि निर्वाह गर्दछ ।

नेपालमा प्रथमतः एकाइ स्तरमै न्याय पाइन्छ भन्ने कुराको सुनिश्चितता हुनुपर्दछ । एकाइको तहमा नै सबैको पहुँच हुनसक्ने अवस्था आवश्यक छ । न्याय कानुन व्यवसायीको सहयोगविना पनि सजिलो गरी प्राप्त हुन सक्ने हुनुपर्दछ र सहभागितामूलक र पारदर्शी रूपमा न्यायालयले कार्य गर्नुपर्दछ । यस्तो न्याय प्राप्तिका लागि अदालतहरूको सङ्ख्या, आकार र जिल्ला अदालत रहने स्थान आदि सबै पुनः परिभाषित गरिनुपर्ने आवश्यकता छ । साथै क्षेत्राधिकार र विषयवस्तुको अधिकार क्षेत्र सम्बन्धलाई पनि पुनःपरिभाषित गरिनुपर्दछ ।

उदाहरणका लागि प्रत्येक जिल्ला अदालतमा माथि भनिएझैं तीन वा चारओटा एक सदस्यीय इजलासको व्यवस्था गर्न सकिन्छ । विषयअनुसार, जस्तै पारिवारिक इजलास (विवाह, सम्बन्धविच्छेद घरायसी हिंसा र महिला अधिकारसम्बन्धी) देवानी इजलास, फौजदारी इजलास र साना व्यापारीसम्बन्धी इजलास । विद्यमान सुरू अदालतका कार्यविधिहरु सजिलो बनाइएमा कानुनप्रतिको सम्मान जनतामा अझ बढ्न जान्छ । सजिलो कार्यविधि हुनासाथ जनताको न्यायपालिकामा पुग्ने बाटो पनि सजिलो हुन जान्छ । जिल्ला अदालत तथा एकाइ अदालतको उपर्युक्त पुनर्संरचनाले नियम तथा कार्यविधिको एकरूपता प्राप्त गर्न कठिनाइ हुँदैन । यसले वकिल, अड्डाको कर्मचारी तथा न्यायाधीशहरूको कामलाई सजिलो बनाउनुका साथै मुद्दामामिलाको खर्च पनि घट्न जान्छ ।

विशेषगरी बजेट, योजना, कर्मचारी प्रशासन र न्यायालयको सूचना, व्यवस्थापन प्रणालीको स्तर तथा समायोजनको स्तरीयता, न्यायिक तलब-सुविधा र न्यायमा पहुँच आदि विशेष विषयहरूमा अन्य साना प्रजातान्त्रिक देशमा गरिएको न्यायिक पुनर्संरचनाबाट नेपालले धेरै कुरा सिक्न सक्छ । त्यस्ता पुनर्संरचनाका प्रयासहरु अदालती प्रणालीको सुधारका विभिन्न पक्षमा प्रयोग हुन सक्छ । कुनै अदालत कायम राख्ने वा बन्द गर्ने भन्ने निर्णय वा अदालत स्थापनासम्बन्धमा राजनैतिक संवेदनशीलताका विषयहरूलाई कसरी हल गर्ने भन्ने सम्बन्धमा पनि तिनको महत्त्व हुन्छ । संविधानसभा विद्यमान न्याय प्रणालीमा गम्भीर कमजोरीहरु छन् भन्ने विषयमा स्पष्ट हुनुपर्छ । गाउँघरमा रहेका अधिकांश जनताहरूसम्म न्याय पुग्न सकेको छैन । त्यसभन्दा पनि नराम्रो कुरो न्याय प्रणाली हुनेखानेको सुविधामा आधारितमात्र हुनुहुँदैन । वास्तवमा समस्याको सुरूआत यही मान्यताबाट हुन्छ ।